# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाण्डौं असोज १० गते, २०६२ साल (अतिरिक्ताङ्क ३७


## भाग ३

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

## वन (तेस्रो संशोधन) नियमावली,२०६२

वन नियमावली, २०५१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

वन ऐन, २०४९ को दफा ७२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम “वन (तेस्रो संशोधन) नियमावली २०६२” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **वन नियमावली,२०५१ को नियम १० मा संशोधनः** वन नियमावली,२०५१ (यसपछि “मूल नियमावली” भनिएको) को नियम १० को सट्टा देहायको नियम १० राखिएको छः-

“ १०. **खयर काठ (जरा समेत) को बिक्रीः** नियम ९ मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकार प्राप्त अधिकारीले खयरको जरा बिक्री गर्दा तौलको आधारमा र खयर काठ (गोलिया) बिक्री गर्दा घन फिटको आधारमा अनुसूची - २ मा तोकिएको मूल्यमा नघटाई प्रचलित बजार मूल्यलाई समेत आधार मानी बोल कबोल प्रक्रियाद्वारा बिक्री गर्नु पर्ने छ ।”

३. **मूल नियमाबलीको नियम १६ मा संशोधनः** मूल नियमावलीको नियम १६ को सट्टा देहायको नियम १६ राखिएको छः-

"१६. **काठ दाउरा सङ्कलन तथा निकाल्ने म्यादः** (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका जिल्लाहरुको वन क्षेत्रमा कार्तिकदेखि जेष्ठ मसान्तसम्म र अन्य जिल्लाहरुको वन क्षेत्रमा जिल्ला वन अधिकृतले जिल्ला विकास समितिसँग परामर्श गरी बढीमा आठ महिनासम्मको लागि काठ दाउरा सङ्कलन गरी वन क्षेत्रबाट बाहिर निकाल्ने म्याद निर्धारण गर्नेछ र त्यसरी निर्धारित म्यादभित्र काट दाउरा संङ्कलन गरी वन क्षेत्रबाट बाहिर निकाली सक्नु पर्नेछ।

तर दैवि प्रकोपमा परेका व्यक्तिहरुलाई जुनसुकै समयमा काठको बिक्री वितरण गर्नको लागि वन क्षेत्रबाट काठ सङ्कलन गरी बाहिर निकाल्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन।

(२) उपनियम (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि सोही उपनियममा तोकिएको अवधिभित्र वन क्षेत्रबाट काठ दाउरा सङ्कलन गरी निकाल्न नसक्ने उचित र पर्याप्त कारण परेमा जिल्ला वन अधिकृतले बढीमा दुई महिनाको लागि काठ दाउरा बाहिर निकाल्ने म्याद थप गर्न सक्नेछ।"

४. **मूल नियमावलीको अनुसूचीमा संशोधनः मूल नियमावलीको,-**

(१) अनुसूची- २ को,-

(क) क्रमसंख्या (१) को खण्ड १३ पछि देहायको द्रष्टव्य थपिएको छः-

"द्रष्टव्य : १ फिटदेखि २ फिटसम्म गोलाईको खयर बाहेक अन्य जातको बल्लाबल्लीको हकमा उपर्युक्त मूल्यको ५० प्रतिशत मात्र मूल्य लिइनेछ।"

(ख) क्रमसंख्या (३) को सट्टा देहायको क्रमसंख्या (३) राखिएको छ :

" (३) खयर

(१) जराको मूल्य दर प्रति के. जी. रु. १०।-

(२) गोलियाको मूल्य दर प्रति क्यू. फिट रु. ३००।-"

(२) अनुसूची - ३ को सट्टा यसै साथ संलग्न अनुसूची - ३ राखिएको छ।

(३) अनुसूची - ६ को सट्टा यसै साथ संलग्न अनुसूची - ६ राखिएको छ।

(४) अनुसूची - २० को द्रष्टव्य (ख) पछि देहायको द्रष्टव्य (ग) थपिएको छ :-

"(ग) यस्तो वृद्धि बीस बर्षसम्म मात्र जारी रहनेछ। एक्काइसौं बर्षदेखि बीसौं बर्षको दस्तुरलाई अन्तिम मानी सोही अनुसार मात्र दस्तुर लिइनेछ।"

अनुसूची ३

(नियम ११ र २५ संग सम्बन्धित)

जडीबुटीको नाम र दस्तुर

| क. सं. | जडीवुटीको नेपाली नाम | वैज्ञानिक नाम | प्रस्तावित राजस्व |
|---|---|---|---|
| (क) जरा तथा गानो जाती | | | |
| १. | अतिस | *Aconitum heterophyllum* | १५।- |
| २. | असारे फूल | | ८।- |
| ३. | इन्द्रेणी फूलको गानो | *Citrullus colosynthis, Trichsanthes palmata* | १०।- |
| ४. | उन्यू | *Dryopteris filix-mas* | ८।- |
| ५. | कचुर | *Curcuma zedoaria* | ५।- |
| ६. | काकोली | *Fritillaria cirrhosa* | ५।- |
| ७. | कामराज | *Helminathostachys zeylanica* | ६।- |
| ८. | कालो मुसुली | *Curculigo orchioides* | ६।- |
| ९. | कुकुरतरुल, वन तरुल | *Dioscorea bulbifera, D. prazeri* | ५।- |
| १०. | कुटकी | *Picrorhiza scrophulariiflora* | १०।- |
| ११. | कुरिलो रसतावरी | *Asparagus racemosus* | ५।- |
| १२. | खसखस | *Vetiveria zizanioides* | २।- |
| १३. | गाम्डोल | *Brachycorythis obcordata* | १०।- |
| १४. | गुजरगानो | *Stepheniaspp., Cissampelospareira* | ५।- |
| १५. | गुर्जो,चिनी लहरा,गुडुची | *Tinospora cordifolia, T. sinensis* | २।- |
| १६. | जटामसी | *Nardostachys grandiflora* | १५।- |
| १७. | जमाने मान्द्रो दारु हल्दी | *Mahonia napaulensis* | २।- |
| १८. | टुकीफूल | *Taraxacum officinale* | ५।- |
| १९. | नगरमोथे, मोथे, कसुर | *Cyperus rotundus* | ५।- |
| २०. | निरमसी | *Delphinium denudatum* | ५०।- |
| २१. | पदमचाल | *Rheum emodi, R. australe* | ५।- |
| २२. | पाखनवेद पाषाणभेद | *Bergenia ciliata (B. ligulata)* | २।- |
| २३. | पांचऔंले | *Dactylorhiza hatagirea* | प्रति गोटा ५००।- |
| २४. | पिपला पिपली/मुरझाङ | *Piper longum* | १०।- |
| २५. | बज्रदन्ती | *Potentilla fulgens* | २।- |
| २६. | वन लसुन | *Allium wallichii* | १०।- |
| २७. | विलौनी | *Maesa chisia* | ५।- |
| २८. | विष | *Aconitum spicatum* | ७।- |
| २९. | विषफेज | *Polypodium vulgare* | ५।- |
| ३०. | विषमा | *Aconitum palmatum* | १०।- |
| ३१. | बोझो | *Acorus calamus* | ३।- |
| ३२. | भुतकेश | *Selinum tenuifolium* | ४।- |
| ३३. | ममिरा | *Coptis tecta* | ७०।- |
| ३४. | लघुपत्र | *Podophyllum hexandrum* | ५।- |
| ३५. | सतुवा | *Paris polyphylla* | १०।- |
| ३६. | सर्पगन्धा / चाँदमरुवा | *Rauwolfia serpentina* | ५०।- |
| ३७. | सिस्नु | *Urtica dioca* | २।- |
| ३८. | सुगन्धवाल | *Valeriana jatamansi* | १५।- |
| ३९. | सेतकचिनी / कुकुरडाइनो | *Smilex china, S. lanceifolia* | ५।- |

| (ख) काठको वोक्रा जाती | | | |
|---|---|---|---|
| १. | ओखर | *Juglans regia* | १००।- |
| २. | अंगेरी | *Lyonia ovalifolia* | ५।- |
| ३. | काफल | *Myrica esculentam M. nagi* | १००।- |
| ४. | काल्चुरी | *Litsea gultinosa* | ५।- |
| ५. | चुत्रो | *Berberis spp.* | ८।- |
| ६. | छतिवन | *Alstonia scholaris* | ५।- |
| ७. | जमाने मान्द्रो | *Mahonia napaulensis* | २।- |
| ८. | टटेलो / टोटला | *Oroxylum indicum* | ५।- |
| ९. | दार | *Boehmeria rugulosa* | ५।- |
| १०. | धुपी | *Juniperus Spp.* | २५।- |
| ११. | नेपाली दालचिनी / सिन्कौली | *Cinnamomum tamala* | १०।- |
| १२. | पलास | *Butea monosperma* | २०।- |
| १३. | पावन, काउलो | *Persea odoratissima, P. spp* | ५।- |
| १४. | पैंयु | *Prunus cerasoides* | १०।- |
| १५. | बकाइनो | *Melia azadirach* | २।- |
| १६. | भोजपत्र | *Betula utilis* | १५।- |
| १७. | भोर्ला | *Bauhinia vehlii* | १।- |

| (ग) पात जाती | | | |
|---|---|---|---|
| १. | असुरो / अडुस | *Adhatoda vasica* | १।- |
| २. | उन्यू | *Dryopteris filixmas* | १।- |
| ३. | कुमकुम | *Didymocarpus leucocalyx* | २।- |
| ४. | चुम्लानी | *Skimmia laureola* | -।२५ |
| ५. | जगर, जिगर | | २।- |
| ६. | टोकला | | १।- |
| ७. | ठिंगुरे सल्ला | *Tsuga dumosa* | २।- |
| ८. | तालिस पत्र | *Abies spectabilis* | ५।- |
| ९. | तितेपाती | *Artemisia spp.* | -।५० |
| १०. | तेजपात | *Cinnamomum tamala* | २।- |
| ११. | तेंदुपात | *Diospyrus tomentosa* | २।- |
| १२. | दुधेलहरा | | १।- |
| १३. | धसिंग्रे/मछिनो/पटपटे | *Gaultheria fragrantissima* | -।२५ |
| १४ | धुपी | *Junipers spp.* | २।- |
| १५ | नागवेली | *Lycopodium clavatum* | ५।- |
| १६. | नूनढिकी | *Osyris wightiana* | १।- |
| १७. | भलायो | *Rhus wallichii* | १।- |
| १८. | भोर्ला | *Bauhinia vahlii* | -।५० |
| १९. | मसला | *Eucalyptus spp.* | -।१० |
| २०. | मलाटा | *Macaranga indica* | -।५० |
| २१. | लेमन ग्रास | *Cymbopogon flexuosus* | -।५० |
| २२. | लौंठसल्ला पात/डाँठ/सिन्का | *Taxus baccata* | २५।- |
| २३. | साल | *Shorea robusta* | -।१० |

| | | | |
|---|---|---|---|
| २४. | सिलाजिनेला | | १।- |
| २५. | सुनपाती | *Rhododendron anthopogon* | ३।- |
| २६. | हिंगुवा | *Camellia kissi* | -।५० |

| (घ) फूल र भुवा जाति | | | |
|---|---|---|---|
| १. | असुरो / अडुस | *Adhatoda vasica* | १।- |
| २. | कोइरालो / कचनार | *Bauhinia variegata* | -।५० |
| ३. | गुरांस / चिमाल / सुनपाती | *Rhododendron spp.* | २।- |
| ४. | टूकीफूल | *Taraxacum officinale* | ५।- |
| ५. | धंयरो | *Woodfordia fruticosa* | १।- |
| ६. | नागेश्वर / नारेश्वर | *Mesua ferrea* | ५।- |
| ७. | पदम पुष्कर | *Iris nepalensis* | ३।- |
| ८. | बुकी | *Gnaphalium affine* | १।- |
| ९. | मौवा (पहाडी) | *Engelhardtia spicata* | २।- |
| १०. | रुख कमल | *Magnolia grandiflora* | २५।- |
| ११. | सिमलको फूल | *Bombax ceiba* | ३।- |
| १२. | अन्य फूल | - | १।- |
| १३. | आँकको भुवा | *Calotropis gigantea* | ४।- |
| १४. | सिमलको भुवा | *Bombax ceiba* | ४।- |

| (ङ) फल र विज जाति | | | |
|---|---|---|---|
| १. | अंडेर | *Ricinus communis* | २।- |
| २. | अमला | *Phyllanthus emblica* | १।- |
| ३. | असना / साज | *Terminalia tomentosa* | २।- |
| ४. | इन्द्रजौ / मधेशीखिर्रो | *Holarrhena antidysentrica* | १।- |
| ५. | इन्द्रायणी | *Citrullus colosynthis/ Trichosanthes palmata* | ८।- |
| ६. | उत्तिस | *Alnus nepalensis* | ५०।- |
| ७. | ओखर | *Juglans regia* | ५।- |
| ८. | कन्टकारी | *Solanum xanthocarpum* | १।- |
| ९. | काइयो फल | *Pavetta indica* | २।- |
| १०. | काउसो | *Mucuna prurita* | २।- |
| ११. | कुसुम | *Schleichera oleosa* | २।- |
| १२. | कोइरालो/कचनार | *Bauhinia variegata* | १।- |
| १३. | खोटेसल्लाको विउ | *Pinus roxburghii* | २००।- |
| १४. | चम्पावती / चाँप | *Michelia champaca* | ५००।- |
| १५. | चिउरी | *Bassia butyracea* | ३।- |
| १६. | चिलाउने गेडा | *Schima wallichii* | -।२५ |
| १७. | जंगली जिरा | *Centratherum antihelmentheticum* | ५।- |
| १८. | जंगली ज्वानो | - | ५।- |
| १९. | जामुन | *Syzygium cumini* | १।- |
| २०. | टिमुर | *Zanthoxylum atmatum* | ८।- |
| २१. | ढालेकटुस | *Castanopsis indica* | १।- |

| | | | |
|---|---|---|---|
| २२. | तिगेडी | - | ५।- |
| २३. | देवदार | *Cedrus deodara* | १००।- |
| २४. | धतुरो | *Datura stramonium* | २।- |
| २५. | धुपीको गेडा | *Juniperus spp.* | ३।- |
| २६. | नागवेलीको पाउडर | *Lycopodium clavatum* | २०।- |
| २७.. | नागेश्वर/नारेश्वर | *Mesua ferrea* | ५।- |
| २८. | पलास | *Butea monosperma* | ५।- |
| २९. | पाङ्ग्रा | *Entada phaseoloides* | ५।- |
| ३०. | पानी अमला | *Nephrolepis cordifolia* | १।- |
| ३१. | पिपला / पिपली / मुरभ्फाङ | *Piper longum* | १०।- |
| ३२. | बकाइनो | *Melia azedarach* | -।५० |
| ३३. | वन करेला | *Heterospermum pedunculosum* | १।- |
| ३४. | बयर | *Ziziphus mauritiana* | २।- |
| ३५. | बर्रो | *Terminalia belerica* | १।- |
| ३६. | बुधनी / झ्याउ | Lichen | ३।- |
| ३७. | बेत | *Calmus tenius* | ५।- |
| ३८. | बेल | *Aegle marmelos* | २।- |
| ३९. | भद्राक्ष | - | ८।- |
| ४०. | भलायो | *Semicarpus anacardium* | २।- |
| ४१. | भुजेत्रो | *Butea minor* | ५।- |
| ४२. | मौवा (तराई) | *Bassia latifolia* | ३।- |
| ४३. | मौवा (पहाडी) | *Engelhardtia spicata* | ३।- |
| ४४. | रतीगेडी / लालगेडी | *Abrus precatorius* | ५।- |
| ४५. | राजवृक्ष | *Cassia fistula* | २।- |
| ४६. | रामफल | *Annona reticulata* | २।- |
| ४७. | रिट्ठा | *Sapindus mukorossi* | २।- |
| ४८. | रुख कमलको फल | *Magnolia grandiflora* | २५।- |
| ४९. | रुद्राक्ष | *Elaeocarpus sphaericus* | ५।- |
| ५०. | रोहिणी / सिंदुरे | *Mallotus phillipinensis* | ५।- |
| ५१. | लप्सी | *Spondias axillaris* | २।- |
| ५२. | सजिवन | *Jatropha curcus* | १।- |
| ५३. | सल्लाको सिम्टा | Cones of Conifer | २।- |
| ५४. | सालको विउ | *Shorea robusta* | १।- |
| ५५. | सिकाकाई / रसुल्ला | *Acacia concinna* | ३।- |
| ५६. | सिमलको फल | *Bombax ceiba* | ३।- |
| ५७. | सिल्टीमुर | *Lindera neeisa* | २।- |
| ५८. | सीता फल | *Annona squamosa* | २।- |
| ५९. | सुगन्धकोकिला / मलाया गेडी | *Cinnamomum glaucescens* | ६।- |
| ६०. | हडचुर | *Viscum album, V.articulatum* | ३।- |
| ६१. | हर्रो | *Terminalia chebula* | १।- |

| | | | |
|---|---|---|---|
| **(च) विरुवा जाती** | | | |
| १. | अमलवेद | *Reum emodi* | ५।- |
| २. | एक्लेवीर | *Lobelia pyramidalis* | ५।- |
| ३. | गुर्जोकोलहरा | *Tinospora cordifolia* | २।- |

| | | | |
|---|---|---|---|
| ४. | घोडताप्रे | *Centella asiatica* | -।५० |
| ५. | चिराइतो | *Swertia chirata* | १५।- |
| ६. | तितेपाती | *Artemesia vulgaris* | -।५० |
| ७. | द्रोणपुष्पी | *Leucas cephalotus* | ५।- |
| ८. | पुनर्नवा | *Boerhaavia diffusa* | ८।- |
| १०. | भृंगराज | *Eclipta prostrata* | -।५० |
| ११. | मजिठो | *Rubia cardifolia* | ३।- |
| १२. | यार्सागुम्बा (यार्चघुन्वू) | *Cordiceps chinensis, C. spp.* | १०,०००।- |
| १३. | सोमलता | *Ephedra gerardium* | ५।- |

| | | | |
|---|---|---|---|
| **(छ) गमरजिन, लोहवान जाति** | | | |
| १. | काकरसिंगी | Insect gall *on Pistacia integrima* | १०।- |
| २. | गोकुल धुप | *Canarium bengalesis* | ५।- |
| ३. | मइन | Bee wax | ५।- |
| ४. | मह | Bee honey | १०।- |
| ५. | लाहा | *Lac gum* | ४०।- |
| ६. | शिलाजित | Rock exude | ५०।- |
| ७. | सल्लाको खोटो | *Pinus Roxburghii* | ३।- |
| ८. | सालधुप | *Shorea robusta* | ५।- |

| | | | |
|---|---|---|---|
| **(ज) अन्य जडीवुटी** | | | |
| १. | अनन्तमूल | *Hemidesmus indicus* | १०।- |
| २. | अन्फी | *Pirularia edulis* | १।- |
| ३. | कावेला | - | १५।- |
| ४. | काराज चुल्ठी / चुल्ठी अमिलो | *Reum emodii stalk* | ३।- |
| ५. | कालादाना | *Eulophia spp.* | ५।- |
| ६. | गुच्ची च्याउ | *Morella esculenta, M. conica* | २००।- |
| ७. | चावो | *Piper chaba* | ५।- |
| १०. | झयाउ | *Parmelia spp.* | १५।- |
| ११. | बिदारीकन्द | *Pueraria phaseoloides* | २।- |
| १२. | साधारण च्याउ | Wild mushroom | ५।- |
| १३. | हलहले | *Rumex nepalensis* | ३।- |

**द्रष्टव्यः** CITES प्रमाणपत्र दिंदा (बिक्री प्रयोजनको लागि मात्र) रु. ५००।- दस्तुर लाग्नेछ ।

अनुसूची - ६

(नियम १४ र २५ संग सम्बन्धित)

काठ, दाउरा, खयर र जडीबुटी बाहेक अन्य वन पैदावारको मूल्य दर

| क्र. सं. | वन पैदावारको नाम | मूल्य (रु.) |
|---|---|---|
| १. | वेत प्रति के. जी. | २०।- |
| २. | गोल्चे (गाभा) प्रति के. जी. | १०।- |
| ३. | वनकस (वावियो) प्रति के. जी. | -।५० |
| ४. | निगालो प्रति गोटा<br>निगालो प्रति भारी (१०० गोटा)<br>निगालो प्रति वयल गाडा<br>निगालो प्रति ट्रक | -।१५<br>१५।-<br>३००।-<br>२०००।- |
| ५. | बाँस प्रति गोटा | १०।- |
| ६. | गोल प्रति के. जी. | -।२५ |
| ७. | लोक्ता प्रति के. जी. | २।- |
| ८. | नूनढिकी, कुमकुम, सल्लाको धुप, खसखस प्रति के. जी. | १०।- |
| ९. | डण्डीसण्ठी, नरकट, खरखडाई प्रति भारी | -।५० |
| १०. | डण्डीसण्ठी, नरकट, खरखडाई प्रति वयलगाडा | ५।- |
| ११. | कटवास प्रति गोटा | १।- |
| १२. | अम्रिसो / अम्लिसो प्रति के. जी. | २।- |
| १३. | अर्गेली प्रति के. जी. | ५।- |
| १४. | अल्लो प्रति के. जी. | ३।- |
| १५. | थाकल प्रति के. जी. | -।५० |
| १६. | सल्लाको आँख्ला प्रति गोटा | ५।- |
| १७. | चुनढुङ्गा प्रति क्यू. फिट | -।७५ |
| १८. | ग्रावेल, वालुवा प्रति क्यू. फिट | -।६० |
| १९. | छाप्नेढुङ्गा प्रति वर्ग फिट | १।- |
| २०. | स्लेट प्रति वर्ग फिट | १।- |
| २१. | साधारणढुङ्गा प्रति क्यू. फिट | -।७० |

द्रष्टव्यः चुनढुङ्गाको लागि प्रचलित कानून बमोजिम अन्य सरकारी निकायमा एकपटक राजस्व तिरिसकेको भए सो को लागि दोहोरो राजस्व लिइनेछैन ।"

आज्ञाले,

डा. दामोदर प्रसाद पराजुली

श्री ५ को सरकारको निमित्त सचिव